"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"

# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

### आन्तरिक आय ठेक्का बन्दोबस्तीसम्बन्धी दरभाउपत्र आह्वानको सूचना!
### (दोस्रो पटक प्रकाशन मिति२०८१/०४/०४)

सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्याविधि, २०८१ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायको कर /शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८१/०८२ आ.व.को लागि आय ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक विद्युतियदरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:-**

| S.N. | Contract Identification No | Name of Contract | Estimated Amount (Excluding VAT) NRs. | Bid Security Amount NRs. | Bid Document Fee (Non – Refundable) NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/SQ/ REVENUE 01-081/082 | Internal Revenue Collection Work from Kanyam Area Sanitation, Trolly Business and Horse Riding | 17,65,000 | 53,000 | 1,000.00 | |
| 2 | SUMO/ILAM/SQ/ REVENUE 04-081/082 | Internal Revenue Collection Work fromTaxi Parking (Pashupatinagar Bazar, Fatak) | 2,25,000 | 6800 | 1,000.00 | |

**शर्तहरु:-**

१. दरभाउपत्र फारामयो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजेभित्र माथि उल्लेख भएको समयमा ठेक्का फारम खरिद दस्तुर वापत रु. १०००(एक हजार ) फिर्ता नहुने गरी फर्म/ कम्पनी वा संस्थाको नामबाट Sutra Revenue Model को बैंक Interface बाट राजस्व दाखिला फाराम भरी राष्ट्रिय वाणिज्य बैंकमा रहेको सूर्योदय नगरपालिकाको आन्तरिक राजस्व खाता नं. २१००१००३०१०१०००२ मा जम्मा गरी नेपाल सरकारकोविद्युतिय खरिद प्रणालीको Website http://www.bolpatra.gov.np/egpमा सबै विवरण भरी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र फारामखरीद कर्ता, फर्म/कम्पनी वा संस्था भएमा आ.व.०८०/८१ को नविकरण सहितको संस्थादर्ता प्रमाणपत्र, आ.व २०७९/८० को कर चुक्ताको प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत Upload गरी दरभाउपत्रपेश गर्नुपर्नेछ।

३. एक फर्म/ कम्पनी वा संस्थाको नामबाट खरीद गरि अर्को फर्म/ कम्पनी वा संस्थाको नामबाट दरभाउपत्र दाखिला गर्न पाईने छैन। दरभाउपत्र पेश गर्दा दरभाउपत्र खरीद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य Upload गर्नु पर्नेछ।

४. दरभाउपत्र फाराम १६ औं दिनको १२ बजे भित्र विद्युतिय खरिद प्रणालीको Website http://www.bolpatra.gov.np/egpमाUpload गरिसक्नु पर्नेछ। दरभाउपत्र सोही दिन दिनको १ बजे यस कार्यालयमा खोलिनेछ।

५. दरभाउपत्र खोल्दा दरभाउपत्रदाता स्वयम् वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ। उक्त समयमा दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन।

६. दरभाउपत्र फारामका साथ आफूले कवोल गरेको ठेक्का अङ्कको उल्लेखित दरभाउपत्रको धरौटी वापतको रकम सूर्योदय नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक लि. मा रहेको धरौटी खाता नं. २१००१००३०३००००२ मा फर्म/ कम्पनी वा संस्थाको नामबाट नगद जम्मा गरेको सक्कल भौचर वादरभाउपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएकोजमानी पत्र (Bid Bond) पेश गर्नु पर्नेछ। सो जमानी पत्र/ भौचरमा सम्बन्धित ठेक्कपट्टा नं. र कामको विवरण उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. दरभाउपत्र स्वीकृत भइसके पछि दरभाउपत्रदाताले एकमुष्ट ठेक्का रकम बुझाउन चाहेमा कुल ठेक्का अंकको १० प्रतिशत रकम छुट दिइनेछ। यदि ठेक्का रकम किस्ता बन्दीमा बुझाउन चाहेमा तीन किस्ता भित्रमा रकम बुझाई सक्नु पर्नेछ। सम्झौता गर्दा पहिलो किस्ता वापत ४०% रकम सम्झौता गरेकै समयमा अनिवार्य बुझाउनु पर्नेछ। बाँकी किस्ताको हकमा ३० % ले हुने रकम २०८१ मंसिर मसान्त भित्र र बाँकी ३० प्रतिशतले हुने रकम २०८१ चैत्र मसान्त भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ।

८. दरभाउपत्रदाताले कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा कार्यसम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८२ भाद्र मसान्तसम्म

म्याद रहनेगरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गका बैंक वा वित्तिय संस्थाले जारी गरेको बैंककार्यसम्पादन जमानत (Performance Bond)पेश गरेपछि मात्र चलान पूर्जी दिइनेछ।

९. ठेक्का अवधिमा कुनै वाधा अड्चन आइपरेमा वा दरभाउ-पत्र दाता र कार्यालयवीच अस्पष्टता भएमा प्रचलित ऐन, कानुन तथा नियम र सम्झौताको शर्त तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

१०. ठेक्काको अवधि आ.व. २०८१/०८२ को २०८२ असार मसान्त सम्मको लागि हुनेछ।

११. यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति फर्म वा संस्थाको दरभाउपत्र स्वीकृत हुने छैन।

१२. प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर दरभाउपत्रदाता स्वयंमले व्यहोर्नु पर्नेछ।

१३. दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर, तोकिएको संङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ।

१४. दरभाउपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएकमा वा विषय वा प्रसंङ्गले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा सूचनानै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

२०८१/०४/०२

प्रमुख प्रशासकीय अधिकृत